कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार वित्तीय व्यवसाय गर्न इजाजत प्राप्त

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
First choice - financial Friend

**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत पत्र प्राप्त संस्था)**

विरगंज नगरपालिका, वडा नं.१३, आदर्शनगर, पर्सा जिल्ला
फोन नं. :९७७–५१–५३१०३१ फ्याक्स नं. ०५१–५२७८४३
E-mail: info@corporatebank.com.np www.corporatebank.com.np

को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

## निष्काशन गरिने हकप्रद शेयरको विवरण

साबिकको चुक्तापूँजी रु.२०,००,००,०००।- को १:१.५ वरावर हुनआउने रु. १०० अंकित दरका ३०,००,००० कित्ता अर्थात रु. ३०,००,००,०००/- बरावरको हकप्रद शेयर मध्ये संस्थापकहरुको ७० प्रतिशतको हिसावले २१,००,००० कित्ता संस्थापक हकप्रद शेयरबापतको रकम रु.२१,००,००,००० बैंकमा जम्मा भई हालको बैंकको शेयर पूँजी रु. ४१,००,००,०००/- (अक्षेरुपी एकचालिस करोड रुपैंयाँ मात्र) रहेको र यस विवरणपत्र मार्फत हकप्रद शेयर मध्ये सर्बसाधारणको ३० प्रतिशतको हिसावले ९,००,००० कित्ता सर्बसाधारण हकप्रद शेयर सार्वजनिक निष्काशन गर्नका लागी प्रकाशित ।

**संस्थाको विगत तीन वर्ष र प्रक्षेपित तीन वर्षको प्रमुख वित्तीय सुचकः**

| विवरण | बास्तबिक आ.ब. | | | आ.ब. २०७७/७८ अषाढ मसान्त सम्मको अपरिष्कृत | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १२२.६५ | १४०.७७ | १५०.८१ | १४४.८९ | १४३.८० | १४०.८२ | १३७.८१ |
| प्रति शेयर आम्दानी | ६.४३ | १८.२८ | ३०.८६ | १.३४ | १३.४२ | १६.७९ | १६.३० |
| संचित नाफा/नोक्सान ( रु.हजारमा) | ६,७७४ | (९५,३९७) | (४८,२४६) | ४२,३९५ | ५२,४२६ | ६४,६४१ | ७७,६८३ |

**दरखास्तसाथ प्रतिशेयर रु.१००/का दरले शत प्रतिशत भुक्तानी माग गरिएको**

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुको उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएको आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Dilligence Certificate) प्रस्तुत गरेका छौं । धितोपत्रको लगानीमा हुन सक्ने जोखिम वारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्नेछ । यस वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु वारे यस विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

यस विवरणपत्र अनुसार साविकका शेयरधनीहरुलाई निष्काशन गर्न लागेको हकप्रद शेयर को लागि क्रेडिट रेटिङ्ग नियमावली, ०६८ को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमती प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपालले इसुअर रेटिङ्ग (Issuer Rating) जनाउने CARE-NP B+(IS) Rating प्रदान गरेको छ । यसले समयमा वित्तिय दायित्व पूरा गर्न चुक्ने सम्बन्धमा उच्च जोखिम जनाउँदछ । सो सम्बन्धि विवरण पत्र को दफा (व) मा उल्लेख गरिएको छ ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २२ नोभेम्बर २०२१ क्रेडिट रेटिङ्गको बहाल रहने मिति : २० अक्टोबर २०२२**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरू" को दफा (थ) मा उल्लेखित जोखिमहरू समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नेपाल धितोपत्र बोर्डवाट स्वीकृत भएको मिति : २०७८/०९/०१ गते**

**हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७८/१०/०७ हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७८/१०/२७**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

Estd 2008
Civil Capital Market Ltd.

**सिभिल क्यापिटल मार्केट लि.**
**Civil Capital Market Ltd.**
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापनको कार्य गर्न इजाजत प्राप्त)
सिटिसि मल, छैठौं तल्ला, सुन्धारा, काठमाण्डौ, नेपाल
फोन नं. ४२६१२५१, ४२५९४३७ फ्याक्स: ९७७-१-४२४८८९०
E-mail: ccm@civilcapital.com.np,Website: www.civilcapital.com.np

यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.civilcapital.com.np, कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडको Website:www.corporatebank.com.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।

**क)** **संगठित संस्थाको नाम :** कर्पोरेट डेभलप्मेन्ट बैंक लिमिटेड (Corporate Development Bank Limited)

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय** : यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय विरगंज नगरपालिका, वडा नं.१३, आदर्शनगर, पर्सा जिल्ला रहेकोछ ।

**ग)** **कारोवार स्थान :** यस वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान पर्सा जिल्ला, आदर्शनगर विरगंजमा रहेको छ ।

यस डेभलपमेन्ट बैंकले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ (तत्कालिन २०६३) अनुसार "ख" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस डेभलपमेन्ट बैंकको मुख्य स्थान पर्सा जिल्ला, आदर्शनगर विरगंज स्थित रजिष्टर्ड (कर्पोरेट) कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी तपसील बमोजिमका शाखा कार्यालयहरूबाट समेत वित्तीय कारोवार गर्दै आईरहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनकोअधिनमा रहि आवश्यकता अनुसार भविष्यमा शाखा उपशाखा वा अन्य कार्यालय खोली देशका अन्य भागमा पनि वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

तपसील:

| क्र.स. | शाखाको नाम र ठेगाना | सम्पर्क नं. | प्रदेश नं. |
|---|---|---|---|
| १. | बिरगंज -१३, आदर्शनगर, पर्सा | ०५१ -५३१०३१, ०५१ -५२७८४५ | २ |
| २. | बिरगंज -२५, ड्राईपोर्ट, पर्सा | ०५१ -५९०००७ | २ |
| ३. | बिरगंज -३१, चोर्नी, पर्सा | ०५३ -५९०७०० | २ |
| ४. | बिरगंज -८, बसपार्क, पर्सा | ०५१ -५३३४४१, ०५१ -५३३४४२ | २ |

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

१) **कम्पनीको संक्षिप्त परिचय :**

नेपालको वित्तीय प्रणालीमा २०४० को दशक देखि उदार नीति अवलम्बन गरिए पश्चात थप बैंक तथा बित्तिय संस्थाको पनि उपस्थितिको आवश्यक्ता महशुस गरी २०४२ सालमा देखि देशमा नीजीक्षेत्रका बैंक तथा बित्तिय संस्था खुल्ने क्रम मा नबिल, ग्रीडलेज, इण्डोश्वेज आदी बैंक धमाधम खुलेका तर मुलुकमा २०४५ सालमा आएको प्रजातन्त्र तथा आर्थिक उदारिकरणको कारण निजी क्षेत्रबाट बिकास बैंक तथा वित्त कम्पनी स्थापना गर्ने लहर आएको थियो । यस क्रममा २०४९ साल देखि २०६५ आषाढ मसान्त सम्ममा ५९ वटा बिकास बैंकहरु देशमा स्थापना भई सो मध्ये एक बाणिज्यबैंकमा स्तरोन्नती भई ५८ बटा बिकास बैंक संचालनमा थिए । यस क्रममा ५१ औं बिकास बैंकको रुपमा कर्पोरेट डेभलपमेण्ट बैंक लि. को नाममा स्थापित यस बिकास बैंक मिति २०६४/०४/२७ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६४/०६/२४ गते नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६४/०७/२१ गते देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेकोमा हाल पर्सा, मकवानपुर र काभ्रेपलाञ्चोक जिल्लामा आफ्नो कार्यक्षेत्र बनाई तीनै जिल्लामा कुल चार शाखाबाट बैंकिङ सेवा दिईरहेको यस बिकास बैंकले नेपाल राष्ट्र बैंकको पछिल्लो व्यबस्था अनुसार प्रदेश दुईको पर्सा लगायत बारा, रौतहट, सर्लाही र महोत्तरी जिल्लालाई आफ्नो कार्यक्षेत्र तोकी सोही बमोजिमका कार्यक्षेत्र भित्र आगामी सर्बसाधारणको हकप्रद निश्काशन संगै आफ्नो बैंकिङ लगायतका काम कारबाही बिस्तार गर्ने लक्ष लिएको छ ।

२) **कम्पनीको उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरिय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले संभाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूंजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आबश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूंजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ्य प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

(ङ) ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने वा विभिन्न वित्तीय उपकरण मार्फत निक्षेप परिचालन गर्ने र तिनको भुक्तानी दिने,

(च) विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप स्वीकार गर्ने, भुक्तानी दिने, लेनदेन गर्ने, मध्यस्थताको काम गर्ने र रकमान्तर गर्ने,

(छ) हायर पर्चेज, लिजिङ्ग, हाउजिङ्ग, अधिविकर्ष लगायतका कर्जा दिने,

(ज) आफू कहाँ पहिले नै धितो रहिसकेको चल अचल सम्पत्तिको मूल्यले खामेसम्मको रकम कर्जा दिने वा अन्य बैंक वा वित्तीय संस्थामा धितो रहिसकेको चल अचल सम्पत्तिको पुनः धितोमा त्यसको मूल्यले खामेसम्मको रकम कर्जा दिने,

(झ) आवश्यकता अनुसार राष्ट्र बैंकबाट पुनर्कर्जा लिने वा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने दिने,

(ञ) परियोजनाको प्रवर्द्धनको लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकाय मार्फत प्राप्त भएको रकमबाट कर्जा प्रवाह गर्ने वा कर्जा व्यवस्थापन गर्ने,

(ट) प्रचलित कर्जा अपलेखन विनियमावलीको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(ठ) पूँजीकोष पुरा गर्ने प्रयोजनका लागि शेयर, डिबेञ्चर, ऋणपत्र आदि जारी गर्ने,

(ड) प्रचलित कानूनको अधीनमा रही विदेशी विनिमय कारोबार गर्ने,

(ढ) परियोजना धितो राखी कर्जा दिने, सहवित्तीयकरणको आधारमा धितो विभाजन (पारी पासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त रुपमा कर्जा दिने, दिलाउने व्यवस्था गर्ने,

(ण) आफ्नो ग्राहकको तर्फबाट जमानतपत्र जारी गर्ने र सो बापत ग्राहकसँग आवश्यक शर्त गराउने, निजको चल अचल सम्पत्ति धितोबन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने,

(त) विनिमयपत्र, प्रतिज्ञापत्र, चेक, यात्रुचेक, ड्राफ्ट जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरिद- बिक्री गर्ने,

(थ) आफ्नो चल अचल सम्पत्ति धितो राखी कर्जा लिने,

(द) राष्ट्र बैंकको पूर्व स्वीकृति लिई प्रतीतपत्र र विप्रेषणको कारोबार गर्ने,

(ध) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयर, डिबेञ्चर वा सुरक्षणको लाभांश, ब्याज, मुनाफा आदि उठाइदिने, सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(न) नेपालभित्र रकम स्थानान्तरण सम्बन्धी काम गर्ने,

(प) परियोजना स्थापना, सञ्चालन र बैंकिङ्ग, लेखा, सम्पत्ति, कर्जा मूल्याङ्कन सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्ने गराउने तथा तालीम, परामर्श र अन्य सेवा प्रदान गर्ने तथा जानकारी उपलब्ध गराउने,

(फ) नेपाल सरकार वा राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरिद-बिक्री गर्ने वा सकार गर्ने,

(ब) ग्राहकको निमित्त कमिशन एजेण्ट भई शेयर, डिबेञ्चर वा सुरक्षणको जिम्मा लिने, खरिद- बिक्री गरिदिने, शेयरको लाभांश, डिबेञ्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सोको लाभांश, मुनाफा वा ब्याज नेपालभित्र वा विदेशमा पठाउने, ग्राहकको लागि सेफ डिपोजिट भल्टको व्यवस्था गर्ने,

(भ) वासलात बाहिरको कारोबार गर्ने, (न) विपन्न वर्ग, न्यून आय भएको परिवार, दैवी प्रकोप पीडित तथा मुलुकका कुनै क्षेत्रका बासिन्दाको आर्थिक उत्थानको लागि व्यक्तिगत वा सामुहिक जमानीमा राष्ट्र बैंकले तोके बमोजिमको रकमसम्म कर्जा दिने,

(म) आफू तथा अन्य बैंक वा वित्तीय संस्थाबाट कर्जा लिने वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण, सूचना वा जानकारी राष्ट्र बैंक, सम्बन्धित निकाय वा अन्य बैंक वा वित्तीय संस्थाबीच लिने दिने,

(य) बैंक तथा बित्तिय संस्था ऐन र प्रचलित कानून बमोजिम आफ्नो स्वामित्वमा आउने सबै प्रकारका जायजेथाको उचित व्यवस्थापन तथा बिक्री गर्ने, (म) प्रचलित कानून बमोजिम दुई वा दुईभन्दा बढी व्यक्तिहरुबीच हुने कुनै कार्य बापत तिर्नु बुझाउनु वा लिनु पर्ने रकम उक्त काम भएपछि भुक्तानी लिने दिने व्यवस्था गर्न दुई पक्षको सहमतिमा जमानी बस्ने,

(र) राष्ट्र बैंकले तोकेको अन्य काम गर्ने ।

**ङ) शेयर पूँजीको संरचना :**

अ) **<u>अधिकृत पूँजी</u> :** वित्तिय संस्थाको अधिकृत पूंजी रु. ६४,००,००,०००/- (अक्षेरुपी चौसट्ठी करोड रुपैयाँ मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका ६४,००,००० -चौसट्ठी लाख) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

आ) **<u>जारी पूँजी</u> :** वित्तिय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. ५०,००,००,०००/- (अक्षेरुपी पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– दरका ५०,००,००० (पचास लाख) थान साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

इ) **<u>चुक्ता पूँजी</u>** : वित्तिय संस्थाको साबिक चुक्ता पूँजी रु. २०,००,००,०००/- (अक्षेरुपी बिस करोड रुपैयाँ मात्र) रहेकोमा चुक्तापूँजी रु. २०,००,००,०००।- को १:१.५ वरावर हुनआउने रु. १०० अंकित दरका ३०,००,००० कित्ता अर्थात रु. ३०,००,००,०००/- बरावरको हकप्रद शेयर मध्ये संस्थापक हरुको ७० प्रतिशतको हिसावले २१,००,००० कित्ता संस्थापक हकप्रद शेयरबापतको रकम रु.२१,००,००,००० बैंकमा जम्मा भई हालको बैंकको शेयर पूँजी रु. ४१,००,००,०००/- (अक्षेरुपी एकचालिस करोड

रुपैयाँ मात्र) रहेको छ। यस विवरण मार्फत हकप्रद शेयर मध्ये सर्बसाधारणको ३० प्रतिशतको हिसावले ९,००,००० कित्ता सर्बसाधारण हकप्रद शेयर सार्वजनिक निष्काशन गरी बाँडफाँट गरे पश्चात बैंकको चुक्ता पूँजी रु. ५०,००,००,०००/- (अक्षेरुपी पचास करोड मात्र) हुनेछ।

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूँजीको संरचना :**

**हकप्रद शेयर निष्काशन गर्नु पूर्वको चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १४,००,००० | ७०.००% | १४,००,००,००० | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | ६,००,००० | ३०.००% | ६,००,००,००० | शत प्रतिशत |
| | **जम्मा** | **२०,००,०००** | **१००%** | **२०,००,००,०००** | |
| ग | संस्थापक शेयरधनीहरुको हकप्रद शेयर | २१,००,००० | ७०.००% | २१,००,००,००० | शत प्रतिशत |
| | **जम्मा** | **४१,००,०००** | **१००%** | **४१,००,००,०००** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३५,००,००० | ७०.००% | ३५,००,००,००० | शत प्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | १५,००,००० | ३०.००% | १५,००,००,००० | शत प्रतिशत |
| | **जम्मा** | **५०,००,०००** | **१००%** | **५०,००,००,०००** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या तथा संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

**(क) संस्थापकहरुको नाम ठेगाना तथा हाल लिएको शेयर कित्ताः**

| *सि.नं.* | *शेयरधनीको नाम* | *ठेगाना* | *शेयर संख्या* | *कैफियत* |
|---|---|---|---|---|
| १ | डा. श्री जैनुदीन अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | २००,५०० | |
| २ | श्री शहनावाज अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | २४८,००० | |
| ३ | डा.सुश्री सबिहा यासमिन | प्रसौनी बिर्ता–४, पर्सा | १००,५०० | |
| ४ | डा. सुश्री इशरत जहान | प्रसौनी बिर्ता–४, पर्सा | १००,५०० | |
| ५ | डा. सुश्री नुशरत जहान अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | १००,५०० | |
| ६ | श्री बिनोद कुमार खण्डेलवाल | जि.पर्सा बिरगंज उप. म.न. वडा नं. १३ | १८०,००० | |
| ७ | श्री म.बसरुदीन अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | २०५,५०० | |
| ८ | श्रीमति शबाना बानु | प्रसौनी बिर्ता–४, पर्सा | १५०,५०० | |
| ९ | डा. सुश्री रुबैका बानु | प्रसौनी बिर्ता–४, पर्सा | १००,५०० | |
| १० | डा. सुश्री रबाब बानु | प्रसौनी बिर्ता–४, पर्सा | १००,५०० | |
| ११ | श्री जाहागिर अंसारी | बिरगंज म.न.पा. बडा. नं.२६, पर्सा | ९५,००० | |
| १२ | श्रीमती जुली कुमारी महतो | जि.सिराहा कर्जनहा गा.वि.स.वडा नं.२ | २३८,००० | |
| १३ | श्रीमति कृति कुमारी महतो | का.जि.कम.न.पा.वडा नं.९ गौशाला | १०,००० | |
| १४ | डा.श्री बिरेन्द्र प्रसाद महतो | जि. सिराहा कर्जन्हा गा.वि.स.वडा नं.२ | १०,००० | |
| १५ | श्री नासिरुदीन अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | १५५,४५० | |
| १६ | डा. श्री म. फिरोज अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | २०,४५० | |
| १७ | डा. श्री म. अफ्रोज अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | २०,४५० | |
| १८ | डा. श्री म. सफ्रोज अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | २०,४५० | |
| १९ | डा.श्री सोमराज लामिछाने | जि.चितवन पदमपुर गा.वि.स.वडा नं.२ | १८०,००० | |
| २० | डा. श्रीमति निकहत यासमिन | प्रसौनी बिर्ता–४, पर्सा | २५०,५०० | |
| २१ | ई. श्री केशव प्रसाद घिमिरे | का.जि.का.म.न.पा.वडा नं.९ | ४,००० | |
| २२ | श्री बिशु प्रसाद सुवेदी | जि.ल.पु.ललितपुर म.न.पा.वडा न.५ | ११४,००० | |

| | | | | |
|---|---|---|---|---|
| २३ | श्री शरिफ अहमद | :विरगंज–१४, पर्सा | १०९,७५० | |
| २४ | श्री आबिद हुसेन अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | ५३,५०० | |
| २५ | श्री कन्हैया प्रसाद ढकाल | हनुमान नगर गा.वि.स. वडा नं.५ सिराहा | ४६,२५० | |
| २६ | ई. श्री प्रमोद पोखरेल | बटेश्वर गा.वि.स. वडा नं. २ धनुषा,<br>हाल :- बज्रेश्वरी , गौशला , काठमाण्डौ | ४०,००० | |
| २७ | श्री राम लामिछाने | पदमपुर गा.वि.स. वडा नं.२ जिल्ला :- चितवन | ४०,००० | |
| २८ | श्री महावीर प्रसाद रुंगटा | का.जि.का.म.न.पा.वडा नं.२४ मिलनमार्ग टेकु<br>काठमाण्डौ | ५७,००० | |
| २९ | श्री अनिल कुमार तुल्सियान | जि.पर्सा विरगञ्ज उप.म.न.पा.वडा नं.७ | ४०,००० | |
| ३० | श्री सज्जन कुमार तुल्सियान | जि.पर्सा विरगञ्ज उप.म.न.पा.वडा नं.७ | ४०,००० | |
| ३१ | श्री नारायण प्रसाद तुल्सियान | जि.पर्सा विरगञ्ज उप.म.न.पा.वडा नं.७ | ४०,००० | |
| ३२ | श्री देव नारायण भण्डेल | बिर्ता, बिरगंज उपमहा. नगरपालिका वडा नं. ४<br>जिल्ला पर्सा | ३५,००० | |
| ३३ | श्री सुजीत ढकाल | जनकपुर नगर पालिका वडा नं ९ बेल्ही ,<br>जिल्ला :- धनुषा | ३०,००० | |
| ३४ | श्री असगर अलि अंसारी | प्रसौनी बिर्ता–४, पर्सा | २०,५०० | |
| ३५ | श्री सर्बे आलम अंसारी | :भवानीपुर जीतपुर–९, बारा | २०,२५० | |
| ३६ | डा. श्रीमति बिन्दिता कु. लामिछाने | नयाँ बानेश्वर , काठमाण्डौ, वडा नं. ३५<br>जिल्ला काठमाण्डौ | २०,००० | |
| ३७ | डा. श्री धर्मदत्त सुवेदी | कालिका नगर, बुटबल नगर पालिका वडा नं.११ ,<br>जिल्ला रुपन्देही | २०,००० | |
| ३८ | डा. श्रीमति बिनिता सुवेदी | बुटबल नगरपालिका वडा नं. ११ , कालिकानगर<br>जिल्ला रुपन्देही | २०,००० | |
| ३९ | श्रीमति गिता उप्रेती (लामिछाने) | नयाँबानेश्वर काठमाण्डौ महानगरपालिका वडानं.३४ | २०,००० | |
| ४० | श्री राज कुमार निरौला | भिमशेन गोला नयाँ बानेश्वर ,<br>काठमाण्डौ महानगरपालिका वडानं. ३४ | २०,००० | |
| ४१ | श्री मोहन राज रेग्मी | धरमपुर गा.वि.स.वडा नं.२ जि. झापा<br>हाल का. म.न.पा.वडा नं. -३४ | १०,००० | |
| ४२ | श्री झनक बहादुर रावल | अछाम जिल्ला बलीगाउ गा.वि.स.वडा नं.१ | १०,००० | |
| ४३ | श्री अनुप लाल कछपति | जि.पाल्पा तानसेन न.पा.वडा न..९ | १०,००० | |
| ४४ | श्रीमति शिला कुमारी पोखरेल | बटेश्वर गा.वि.स. वडानं २ , जिल्ला - धनुषा<br>हाल :- सामाखुशी वडा नं. २९ , काठमाण्डौ | ९,५०० | |
| ४५ | श्रीमति नीला पोखरेल | जि.सर्लाही मुर्तिया गा.वि. स. वडानं. २<br>हाल :- का.जि.का.म. न.पा.वडा नं.२ बसुन्धरा काठमाण्डौ | ९,५०० | |
| ४६ | श्री ज्योती बहादुर केसी | जडिल्ली बजार काठमाण्डौ महानगरपालिका, वडा नं.३३<br>जिल्ला :-काठमाण्डौ | ९,००० | |
| ४७ | श्रीमति मनिषा श्रेष्ठ | का.जि.का.म.न.पा. वडानं.१, | ८,००० | |
| ४८ | डा. श्री जुगल भुर्तेल | जि.झापा, चन्द्रगढी गा.बि.स. बडा नं. ८ | ८,००० | |
| ४९ | श्री विनय राज पोखरेल | जनकपुर न.पा.वडा नं.२ धनुषा<br>हाल :- का.म. न. पा.वडा नं.७ चावहिल | ७,००० | |
| ५० | श्री मुरली प्रसाद उपाध्याय | १५-१२५ सात दोबाटो अरुणटोल, वडा नं. ११ ,<br>ललितपुर उपमहानगर नगरपालिका जिल्ला :- ललितपुर | ६,५०० | |
| ५१ | श्री आनन्द कुमार रुंगटा | काठमाण्डौ म.न.पा. बडा नं. १२, टेकु | ५,५०० | |
| ५२ | श्री मुक्तिबोध न्यौपाने | का.जि.का.म.न.पा.वडा नं.७ चावहील | ५,००० | |
| ५३ | श्री गणेश ढकाल | जि.धनुषा बटेश्वर गा.वि.स.वडा ं. १<br>हाल :- का.जि.का. म. न.पा.वडा नं.३५ कोटेश्वर | ४,२५० | |
| ५४ | श्री बिश्रुत राज पोखरेल | बालकुमारी मार्ग, काठमाण्डौ म.न.पा.-२६, काठमाण्डौ | १२०,००० | |
| ५५ | श्री भरत राज पोखरेल | जि.धनुषा बटेश्वर गा. बि. स. वडानं.२ | २०० | |
| | | | **३५,००,०००** | |

**(ख) संस्थागत संस्थापकहरुको हकमा उक्त संस्थाको संचालकहरुको नाम तथा ठेगानाः संस्थागत संस्थापक नभएको ।**

**ज) <u>निष्काशन गरिने हकप्रद शेयर संख्या तथा त्यसको अनुपात :</u>**

संस्थाको हाल कायम चुक्तापूँजी रु. २०,००,००,०००।- को १:१.५ वरावर हुनआउने रु. १०० अंकित दरका ३०,००,००० कित्ता अर्थात रु. ३०,००,००,०००/- बरावरको हकप्रद शेयर मध्ये संस्थापक हरुको ७० प्रतिशतको हिसावले २१,००,००० कित्ता संस्थापक हकप्रद शेयरबापतको रकम रु.२१,००,००,००० बैंकमा जम्मा भईसकेको छ। सर्बसाधारण समूह तर्फको चुक्ता भएको कुल साधारण शेयर संख्या ६,००,००० (छ लाख ) कित्ताको १ शेयर बराबर १.५ शेयर (१:१.५) को अनुपातमा अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर एक दशमलव पांच कित्ता साधारण शेयरको दरले प्रति शेयर रु.१००/– अंकित दरले जम्मा ९,००,००० (नौ लाख) कित्ता सर्बसाधारण समूह तर्फ हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

मिति २०७६ भाद्र २५ गते बुधबार बसेको कम्पनीको बिषेश साधारण सभाको बिशेष प्रस्ताव नं १ बमोजिम हाल कायम चुक्ता पूँजीमा हुने शेयर संख्याको १५० प्रतिशत अर्थात रु. ३०,००,००,००० बराबरको हकप्रद शेयर जारी गर्ने भनी निर्णयार्थ पेश भएको बिशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गरे वमोजिम साबिकको चुक्तापूँजी रु. २०,००,००,०००।- को १:१.५ वरावर हुनआउने रु. १०० अंकित दरका ३०,००,००० कित्ता अर्थात रु. ३०,००,००,०००/- बरावरको हकप्रद शेयर मध्ये संस्थापक हरुको ७० प्रतिशतको हिसावले २१,००,००० कित्ता संस्थापक हकप्रद शेयरबापतको रकम रु.२१,००,००,००० बरावर संस्थापकको हकप्रद शेयरबापतको रकम बैंकमा जम्मा भई हालको बैंकको चुक्ता पूँजी रु. ४१,००,०००/- (अक्षेरुपी एकचालिस करोड रुपैयाँ मात्र) रहेको र सर्बसाधारणको ३० प्रतिशतको हिसावले ९,००,००० कित्ता सर्बसाधारण हकप्रद शेयरबापतको रकम रु.९,००,००,००० निष्काशन गर्ने निर्णयलाई बैंकको मिति २०७७ आश्विन २९ गते बिहिबार बसेको कम्पनीको बाह्रौ बार्षिक साधारण सभाबाट थप अनुमोद भएको । सोही बमोजिम बैंकको चुक्तापुजी ५०,००,००,००० (अक्षरेपी पचास करोड) हुनेछ भनी निर्णयार्थ पेश भएको बिशेष प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित एबं अनुमोदन भएको।

**ञ) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**

***१) यस डेभलपमेण्ट बैंकको सञ्चालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुको प्रतिनिधित्व रहेको छ ।***

| सि.नं | नाम, ठेगाना | पद | शैक्षिक योग्यता | ब्यापार/ब्यबसायमा अनुभव | उमेर |
|---|---|---|---|---|---|
| १. | डा.श्री जैनुद्दीन अंसारी | संस्थापक/ अध्यक्ष | एम.एस. | **२०४० साल देखि चिकित्सकको रुपमा कार्य गर्दै नेपाल सरकार लगायतको बिभिन्न अस्पताहरुमा चिकित्सकको रुपमा उच्च तहको कार्य अनुभव भएको तथा मिति २०५६ साल देखि चिकित्सा शिक्षामा नेशनल मेडिकल कलेजको अध्यक्षको रुपमा उच्च तहको कार्यकारी जिम्मेबारीमा रहदै आएको । मिति २०७५/९/२६ देखि हाल सम्म यस** कर्पोरेट डे बैंकमा अध्यक्ष पदको **जिम्मेबारीमा रहदै आएको ।** | ६७ |
| २. | श्री विनोद कुमार खण्डेलवाल | संस्थापक/ संचालक | **बि.कम.** | मिति २०६४ साल देखि हाल सम्म कर्पोरेट डे बैंकमा **संचालक पदमा रहनु भएको । मिति २०७३।०५।१८ देखि मिति २०७५/९/२६ सम्म कर्पोरेट डेभलपमेण्ट बैंकको अध्यक्षको समेत जिम्मेबारीमा रहनु भएको । वि.सं २०३८ साल देखि बिभिन्न ब्यापार ब्याबसाय, उद्योगमा संलग्न रही ब्यापारी तथा उद्योगपतिको रुपमा बिगत ४० बर्ष को अनुभव ।** हाल बन्दना स्टिल, अन्नपर्ण स्टिल लगायतको उद्योगको संचालकको रुपमा रहनु भएको । | ५९ |
| ३. | श्री म. बसरुद्दीन अंसारी | संस्थापक/ संचालक | **एम.बि.ए.** | **मिति २०५६ साल देखि नेशनल मेडिकल कलेजको प्रबन्ध संचालकको जिम्मेबारीमा रहदै आएको । मिति** २०७५/९/२६ **देखि हाल सम्म यस** कर्पोरेट डे बैंकमा **संचालक रहदै आएको तथा बिभिन्न ब्यापार ब्याबसायमा बिगत ३५ बर्ष देखिको अनुभव रहेकोमा** | ५६ |
| ५. | श्री पवनकुमार तुलस्यान | सर्बसाधारण ।/ संचालक | **बि.कम..** | **मिति २०५३/१२/४ देखि २०६९/१२/१२ सम्म नेपाल आवास बित्त कम्पनीको संचालकमा रही मिति** २०६९/१२/१२ देखि २०७३/२/२८ **सम्म साबिक सिद्धार्थ डेभलपमेण्ट बैंक लि. हुदै जनता बैंक लि.को संचालक रहेको र मिति** २०७५/९/२६ **देखि हाल सम्म यस** कर्पोरेट डे बैंकमा **संचालक रही आएको तथा ब्यापार ब्याबसायमा बिगत ४० बर्ष देखिको अनुभव हाल नेतवाबा ईम्पेक्सलगायतको कार्यकारी निर्देशक** | ६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **रहेको ।** | |
| ५. | श्री नासिरुद्दीन अंसारी | संस्थापक/ संचालक | **एम.बि.ए.** | **ब्यापार ब्याबसायमा बिगत ३६ बर्ष देखिको अनुभव हासिल गरि मिति २०५८/६/१** देखि **बिरगंज ड्रग एजेन्सि मार्फत औषधिको ब्यवसाय संचालन गर्दै आएको । मिति २०७४/११./०२.. देखि हाल सम्म यस** कर्पोरेट डे बैंकमा **संचालकको जिम्मेवारीमा रहदै आएको** | ५९ |
| ६ | श्रीमति प्रिति श्रीवास्तव | सर्बसाधारण ा/ संचालक | **एम. बि. एस.** | **मिति २०६६ देखि २०७० कर्पोरेट डेभलपमेण्ट बैंकमा बिभिन्न बिभागको प्रमुखको रुपमा बैंकिङ सम्वन्धि**कार्यको अनुभव प्राप्त गरि बिगत **४ बर्ष देखिको ब्यापार ब्याबसायको समेत अनुभव । मिति २०७५/९/२६ देखि हाल सम्म यस** कर्पोरेट डे बैंकमा **संचालक रही आएको ।** | ३२ |
| ७. | श्री श्याम कुमार ठाकुर | स्वतन्त्र संचालक | **एम.ए. अर्थशास्त्र** | **मिति २०४५/६/२३ देखि २०७५/६/२३ सम्म राष्ट्रिय बाणिज्य बैंक लि.मा ३० बर्ष राष्ट्रिय बाणिज्य बैंकमा क्षेत्रिय उपप्रबन्धक लगायत उच्च तहमा सेवागरी अबकास प्राप्त तथा हाल मिति २०७७/१२./२०.. देखि यस** कर्पोरेट डे बैंकमा स्वतन्त्र **संचालकको जिम्मेवारीमा रहदै आएको** | ६० |

*२) वित्तिय संस्थाको प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :*

| नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| श्री त्रिलोक ध्वज जोशी | बिरगंज महानगर पालिका वडा नं. ४, पर्सा | एम. बि. एस. | मिति २०४८/३/२३ देखि २०७६/७/३ सम्म करिब २९ बर्ष नबिल बैंक लि. मा सेवारत रही बरिष्ठ अधिकृतबाट अवकास प्राप्त भई मिति २०७६/१/०१ देखि यस कर्पोरेट डेभलपमेण्ट बैंकमा प्रमुख कार्यकारी अधिकृत रहेको । |

**ट) सञ्चालक समितिको बनौट :**

१. संस्थाको सञ्चालकहरुको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तिय संस्था सम्बन्धी कानुन तथा संस्थाको प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रही बार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यवसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति सञ्चालक समितिले गर्ने गरेको छ ।

२. यस संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ। सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक समूह (समूह “क”) बाट निर्वाचित | ४ (चार) |
| सर्वसाधारण समूह( समूह “ख”) का शेयरधनीहरुबाट निर्वाचित | २ (दुई) |
| संचालक समितिबाट नियुक्त हुने स्वतन्त्र संचालक | १ (एक) |
| **जम्मा** | **७ (सात) जना** |

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बैंकले हकप्रद शेयरको निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म कायम भएका साविक सर्बसाधारण शेयरधनीहरुले मात्र आफ्नो कायम हक अनुसार एक शेयर बराबर एक दशमलव पांच शेयर (१:१.५) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् । साथै साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

हकप्रद शेयर खुल्ला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा संशोधित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" को अधिनमा रहि संचालक समितिले अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीले आफुले पाउने हकप्रद शेयरको आधारमा खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागी दरखास्त दिन चाहेमा सो अनुसार आवेदन दिन सक्नेछन र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ। साथै उपरोक्त अनुपातमा शेयर जारी गर्दा शेयरधनीहरुको हिस्सामा खण्डीकरण हुन गएमा शेयरधनीले चाहेमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत जम्मा गरी माथिल्लो पूर्ण अंकमा हकप्रद शेयरका लागि आवेदन दिन सक्नेछन् । यसरी शेयर बाँडफाँट गर्दा समूहगत घटबढ नहुने गरी बाँडफाँट गरिनेछ । यसरी बाँडफाँट गर्दा बैंकको पूंजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न बैंकको वार्षिक साधारण सभावाट निर्णय गरिनेछ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रूपमा) तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणको साथै प्रक्षेपित प्रति शेयर आम्दानी (इ.पि.एस), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशनपूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :**

वासलात

रु. हजारमा

| सम्पत्ति | वास्तविक आ.ब | | | आ.ब. ०७७/०७८ | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | ७६/७७ | अषाढ मसान्तसम्मको अपरिस्कृत | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| नगद तथा नगद सामान | ११६,६७६ | १७५,९४२ | ३००,८६६ | ४७८,३२३ | ३६८,७५८ | ३४२,४३५ | ४१०,४६८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २९,१७० | ८,२४५ | २०,३७४ | १८,२६७ | २९,५५१ | ४४,६०८ | ६९,५६४ |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ० | ० | ० | ० | ० | ० | ० |
| डेरिभेटिभ वित्तिय उपकरण | ० | ० | ० | ० | ० | ० | ० |
| अन्य व्यपारिक सम्पतिहरु | ० | ० | ० | ० | ० | ० | ० |
| बैंकतथा वित्तीय संस्थालाई दिइएको कर्जा | ० | ० | ० | ० | ० | ० | ० |
| कर्जा सापटी तथा बिल खरिद | ९९,०६४ | २६१,३३० | ३०९,३९५ | ३९०,४४२ | ९२३,५२१ | १,२९२,९२९ | १,८१०,१०१ |
| धित्तोपत्रमा लगानी | ० | ० | ० | ० | ० | ० | ० |
| चालु कर सम्पति | ० | ११,४९५ | ९,३९५ | १७,४११ | ० | ० | ० |
| सहायक कम्पनीमा लगानी | ० | ० | ० | ० | ० | ० | ० |
| सम्बन्ध कम्पनीमा लगानी | ० | ० | ० | ० | ० | ० | ० |
| सम्पत्तिमा लगानी | १९६,५६० | १६१,७७४ | १९५,९६६ | ६५,३९८ | १७,९०० | ७,१५९ | २,८६३ |
| सम्पत्ति तथा उपकरण | ५,०४५ | ८,९९१ | ४०,८१७ | ३८,८३१ | ४४,६२५ | ५२,३०४ | ६०,१४० |
| गुडवील लगानी तथा अमुल सम्पति | २८० | १३६ | ३६४ | ५६० | ४०० | ६०० | ७०० |
| स्थगन कर | ४५,६५७ | २८,३२६ | ५७,३६६ | २५,७७० | २५,७७० | २५,७७० | २५,७७० |
| अन्य सम्पत्ति | ७,९०७ | ८,०२२ | ५,०४२ | ६,५४५ | ० | ० | ० |
| **कुल सम्पत्ति** | **५००,३५७** | **६६४,२६२** | **९३९,५८५** | **१,०४१,५४६** | **१,४१०,५२५** | **१,७६५,८०५** | **२,३७९,६०६** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| **दायित्व** | | | | | | | |
| बैंक/वित्तीय संस्थालाई तिर्न बांकी | ० | ० | ० | ० | ० | ० | ० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बांकी | ० | ० | ० | ० | ० | ० | ० |
| डेरिभेटिभ वित्तिय उपकरण | ० | ० | ० | ० | ० | ० | ० |
| ग्राहकबाट निक्षेप दायित्व | ७१,९०९ | १८८,५८१ | २९६,४२१ | ४४३,११२ | ६९१,५४४ | ९९१,२८७ | १,५४५,८७३ |
| सापटी | ० | ० | ० | ० | ० | ० | ० |
| चालु आयकर दायित्व | ७५ | ० | ० | ० | ० | ० | ० |
| व्यवस्था | ० | ० | ० | ० | ० | ० | ० |
| स्थगन आयकर दायित्व | ० | ० | ० | ० | ० | ० | ० |
| अन्य दायित्व | २०,८१८ | २३,५८८ | २४,८५७ | ४,३८५ | ० | ० | ० |
| जारी गरिएको ऋणपत्र | ० | ० | ० | ० | ० | ० | ० |
| सुरक्षण नराखिएको आवृधिक दायित्व | ० | ० | ० | ० | ० | ० | ० |
| **कुल दायित्व** | **९२,८०२** | **२१२,१६९** | **३२१,२७८** | **४४७,४९६** | **६९१,५४४** | **९९१,२८६** | **१,५४५,८७३** |
| | | | | | | | |
| **पूंजी** | | | | | | | |
| शेयर प्रिमियम | ० | ० | ० | ० | ० | ० | ० |
| शेयर पूंजी | २००,००० | २००,००० | ४१०,००० | ४१०,००० | ५००,००० | ५५०,००० | ६०५,००० |
| संचित मुनाफा | ६,७७४ | (९५,३९७) | (४८,२४६) | ४२,३९५ | ५२,४२६ | ६४,६४१ | ७७,६८३ |
| जगेडा कोषहरु | २००,७८० | ३४७,४९० | २५६,५५२ | १४१,६५५ | १६६,५५५ | १५९,८७८ | १५१,०५० |
| **शेयरधनीहरुलाई बांडफांट कुल पूंजी** | **४०७,५५५** | **४५२,०९३** | **६१८,३०६** | **५९४,०५०** | **७१८,९८१** | **७७४,५१८** | **८३३,७३३** |
| गैर नियन्त्रित स्वार्थ | **०** | **०** | **०** | **०** | **०** | **०** | **०** |
| **कुल पूंजी** | **४०७,५५५** | **४५२,०९३** | **६१८,३०६** | **५९४,०५०** | **७१८,९८१** | **७७४,५१८** | **८३३,७३३** |
| **जम्मा दायित्व र पूंजी** | **५००,३५७** | **६६४,२६२** | **९३९,५८४** | **१,०४१,५४६** | **१,४१०,५२४** | **१,७६५,८०५** | **२,३७९,६०६** |

## वित्तीय संस्थाको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित नाफा नोक्सान हिसाब

रु.हजारमा

| विवरण | वास्तविक आ.ब | | | आ.ब. ०७७/०७८ अषाढ मसान्तसम्मको अपरिस्कृत | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| ब्याज आम्दानी | ३०,८७५ | ५२,५२४ | ६५,९२६ | ५१,३०० | ९७,४७७ | १८१,१२१ | २४७,९५५ |
| ब्याज खर्च | ३,११३ | ११,१०९ | २३,३८७ | २५,५३५ | ४५,४२६ | ८४,१४२ | १२६,८५८ |
| **खूद ब्याज आम्दानी** | **२७,७६२** | **४१,४१५** | **४२,५३९** | **२५,७६५** | **५२,०५१** | **९६,९७९** | **१२१,०९७** |
| शुल्क तथा कमिशन आम्दानी | २११ | १०३ | १२१ | २,७३२ | ७,७०३ | ११,४७२ | १६,४८२ |
| शुल्क तथा कमिशन खर्च | ० | ० | ० | ० | ० | ० | ० |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **२११** | **१०३** | **१२१** | **२,७३२** | **७,७०३** | **११,४७२** | **१६,४८२** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | **२७,९७३** | **४१,५१८** | **४२,६६१** | **२८,४९७** | **५९,७५४** | **१०८,४५१** | **१३७,५७९** |
| खुद व्यपारिक आम्दानी | ० | ० | ० | ० | ० | ० | ० |
| अन्य सञ्चालन आम्दानी | ७४३ | २,४१३ | १,६७४ | ९,४४२ | ० | ० | ० |
| **जम्मा सञ्चालन आम्दानी** | **२८,७१५** | **४३,९३१** | **४४,३३५** | **३७,९४०** | **५९,७५४** | **१०८,४५१** | **१३७,५७९** |
| कर्जा जोखिम व्यवस्थाबाट फिर्ता तथा अन्य नोक्सानी | (४,८५९) | (४८,२८४) | (९३,०२०) | ४,३०२ | (४३,४४२) | (३२,८५६) | (२५,८९६) |
| **खुद सञ्चालन आम्दानी** | ३३,५७५ | ९२,२१५ | १३७,३५५ | **३३,६३७** | **१०३,१९७** | **१४१,३०७** | **१६३,४७५** |
| **सञ्चालन खर्च** | १८,४५१ | ३६,०९५ | ३७,५७२ | **२५,७९६** | **३६,१०१** | **४८,९७२** | **६४,८९०** |
| कर्मचारी खर्च | ९,११३ | २३,१५४ | २४,९३१ | १३,०८० | १५,३१९ | २१,३८६ | २८,८३२ |
| अन्य सञ्चालन खर्च | ८,३७० | ११,७०२ | ११,३४० | १०,८७० | १६,८०२ | २२,४१२ | २९,३३२ |
| ह्रास कट्टी र परिषोधन | ९६८ | १,२३९ | १,३०२ | १,८४६ | ३,९७९ | ५,१७३ | ६,७२५ |
| **सञ्चालन आम्दानी** | **१५,१२४** | **५६,१२०** | **९९,७८३** | **७,८४१** | **६७,०९६** | **९२,३३५** | **९८,५८५** |
| गैह्र सञ्चालन आम्दानी | | ७२३ | १ | ० | ० | ० | ० |
| गैह्र सञ्चालन खर्च | ० | ० | ० | ० | ० | ० | ० |
| **आय कर अघिको मुनाफा** | १५,१२४ | ५६,८४३ | ९९,७८४ | **७,८४१** | **६७,०९६** | **९२,३३५** | **९८,५८५** |
| **आयकर खर्च** | **२,२५९** | **२०,२७९** | **(२६,७४९)** | २,३५२ | ० | ० | ० |
| *चालु कर* | ४,६५७ | २,८०९ | २,२९१ | २,३५२ | ० | ० | ० |
| *स्थगन कर (आम्दानी/खर्च)* | (२,३९८) | १७,४७० | (२९,०४०) | ० | ० | ० | ० |
| **यस अघिको मुनाफा** | **१२,८६५** | **३६,५६४** | **१२६,५३३** | **५,४८९** | **६७,०९६** | **९२,३३५** | **९८,५८५** |
| **नाफा बांडफांट** | | | | | | | |
| बैंकको शेयरधनी | १२,८६५ | ३६,५६४ | १२६,५३३ | **५,४८९** | **६७,०९६** | **९२,३३५** | **९८,५८५** |
| गैर नियन्त्रित स्वार्थ | ० | ० | ० | **०** | **०** | **०** | **०** |
| **यस अघिको मुनाफा** | १२,८६५ | ३६,५६४ | १२६,५३३ | **५,४८९** | **६७,०९६** | **९२,३३५** | **९८,५८५** |

### नगद प्रवाहको विवरण (श्रावण १, २०७६ देखि अषाढ ३१, २०७७ सम्मको

**रु.हजारमा**

| कारोवारबाट नगद प्रवाह | वास्तविक आ.ब | | | आ.ब. ०७७/०७८ अषाढ मसान्त सम्मको अपरिस्कृत | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |

# एकीकृत अन्य विस्तृत आम्दानीको विवरण

**वित्तीय संस्थाको विगत ३ वर्षको वास्तविक तथा आगामी ३ वर्षको प्रक्षेपित** हजारमा

| विवरण | वास्तविक आ.ब | | | आ.ब. ०७७/०७८ अषाढ मसान्तसम्मको अपरिस्कृत | प्रक्षेपित आ.ब. | | |
|---|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| यस वर्षको नाफा | १२,८६५ | ३६,५६४ | १२६,५३३ | ५,४८९ | ६७,०९६ | ९२,३३५ | ९८,५८५ |
| आयकर पछिको अन्य विस्तृत आम्दानी | ० | ० | ० | ० | ० | ० | ० |
| **क) नाफा/नोक्सान मा पुनःवर्गिकरण नगरिने बुदाँहरु** | ० | ० | ० | ० | ० | ० | ० |
| फेयर भेल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणका लगानी बाट भएका नाफा/नोक्सान | ० | ० | ० | ० | ० | ० | ० |
| पुनः मुल्याङ्कनबाट भएका नाफा/नोक्सान | ० | ० | ० | ० | ० | ० | ० |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/नोक्सान | ९२७ | (४६५) | ३३० | (१७८) | १५० | २०० | २५० |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | (२७८) | १३९ | (९९) | ५३ | (४५) | (६०) | (७५) |
| **नाफा/नोक्सानमा पुनःवर्गिकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी** | **१३,५१४** | **३६,२३८** | **१२६,७६४** | **५,३६४** | **६७,२०१** | **९२,४७५** | **९८,७६०** |
| ख) नाफा/नोक्सानमा पुनःवर्गिकरण गरिएका वा गर्न सकिने बुदाँहरु | ० | ० | ० | ० | ० | ० | ० |
| नगद प्रवाह हेजिङ्गबाट भएको नाफा/नोक्सान | ० | ० | ० | ० | ० | ० | ० |
| विदेशी विनिमय संचालनको वित्तिय सम्पत्ति विनिमयबाट भएको सटही | ० | ० | ० | ० | ० | ० | ० |
| नाफा/नोक्सान | ० | ० | ० | ० | ० | ० | ० |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | ० | ० | ० | ० | ० | ० | ० |
| नाफा/नोक्सान मा पुनःवर्गिकरण | ० | ० | ० | ० | ० | ० | ० |
| नाफा/नोक्सान मा पुनःवर्गिकरण गरिएका वा गर्न सकिने अन्य खुद | ० | ० | ० | ० | ० | ० | ० |
| विस्तृत आम्दानी | ० | ० | ० | ० | ० | ० | ० |
| ग) इक्विटी तरिकाबाट मुल्याङ्कन गरीएको सम्बद्ध कम्पनीको अन्य विस्तृत | ० | ० | ० | ० | ० | ० | ० |
| आम्दानीको अंश | ० | ० | ० | ० | ० | ० | ० |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | **१३,५१४** | **३६,२३८** | **१२६,७६४** | **५,३६४** | **६७,२०१** | **९२,४७५** | **९८,७६०** |
| कूल विस्तृत आम्दानी | ० | ० | ० | ० | ० | ० | ० |
| कूल विस्तृत आम्दानीको वाँडफाँड | ० | ० | ० | ० | ० | ० | ० |
| बैंकको इक्विटी शेयरधनी | ० | ० | ० | ० | ० | ० | ० |
| गैर नियन्त्रित स्वार्थ | ० | ० | ० | ० | ० | ० | ० |
| **कूल विस्तृत आम्दानी** | **१३,५१४** | **३६,२३८** | **१२६,७६४** | **५,३६४** | **६७,२०१** | **९२,४७५** | **९८,७६०** |
| व्याज आम्दानी | ३४,८६५ | ५६,०७८ | ६२,१६२ | ४७,९९४ | ९७,४७७ | १८१,१२१ | २४७,९५५ |
| शुल्क तथा कमिशन आम्दानी | २११ | १०३ | १२१ | १६८ | ७,७०३ | ११,४७२ | १६,४८२ |
| लाभांश प्राप्ति | | | | | | | |
| अन्य कारोवार संचालनबाट प्राप्ति | ७४३ | २,४१३ | १,६७४ | २,५६४ | ( | | |
| व्याज खर्च | (३,११३) | (११,१०९) | (२३,४४१) | (२५,५३५) | (४५,४२६) | (८४,१४२) | (१२६,८५८) |
| शुल्क तथा कमिशन खर्च | | | | | | | |
| कर्मचारीलाई नगद भुक्तानी | (५,५७८) | (१७,३०२) | (२७,४६९) | (१३,०८०) | (१४,७१६) | (२०,६०३) | (२७,८१४) |
| अन्य खर्च | (८,२७६) | (११,५९४) | (११,३४०) | (१०,८७०) | (१७,४०५) | (२३,१९६) | (३०,३५१) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **संचालन सम्पति र दायित्तवको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **१८,८५२** | **१८,५८९** | **१,७०७** | **१,२४२** | **२७,६३३** | **६४,६५२** | **७९,४१४** |
| **सञ्चालन सम्बन्धि चालु सम्पतिमा घट (बढ)** | **(८८,४६५)** | **(९६,६२८)** | **३९,५७१** | **(८६,०२७)** | **(५१०,५३३)** | **(३८४,४६५)** | **(५४२,१२८)** |
| नेपाल राष्ट्र बैंकबाट बांकी रहेको मौज्दात | (२८,९९८) | २०,९२४ | (१२,१२९) | २,१०७ | (११,२८४) | (१५,०५७) | (२४,९५६) |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | | | | | | | |
